**सम्वत् २०८० साल साउन १४ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | विभिन्न मन्त्रालय र अन्तर्गतका आयोजना र कार्यालयहरूको अस्थायी सङ्गठन संरचना र दरबन्दी आ.व. २०८०।०८१ का लागि २०८० श्रावण १ गते देखि लागू हुने गरी स्वीकृत गर्ने। |
| २. | (क) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १५ को उपदफा (१) बमोजिम श्री लोकनाथ रेग्मी (क.सं.नं.१४५९९०) लाई मिति २०८०/०४/१२ गते देखि जेष्ठता कायम हुने गरी प्रदेश इन्जिनियरिङ सेवा, अधिकृत एघारौं तहमा बढुवा नियुक्ति गर्ने र यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाको निर्देशक पदमा पदस्थापन गर्ने।<br>(ख) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १५ को उपदफा (१) बमोजिम श्री नारायण बहादुर कार्की (क.सं.नं. A१२८१२९) लाई मिति २०८०/०४/१२ गते देखि जेष्ठता कायम हुने गरी प्रदेश स्वास्थ्य सेवा, अधिकृत एघारौं तहमा बढुवा नियुक्ति गर्ने र प्रदेश जनस्वास्थ्य प्रयोगशाला, धुलिखेलको निर्देशक पदमा पदस्थापन गर्ने। |
| ३. | “प्रदेश श्रम तथा रोजगार नीति, २०८०” स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।